स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी भदौ १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको रोमकोम जनराको फिल्म 'वर एन्ड वधु'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी दिन्छ । अभिनेत्री आँचल शर्मा र नव-अभिनेता विवेक कर्माचार्यबीचको प्रेम र धोकाको कथामा फिल्म केन्द्रित रहेको ट्रेलरले प्रष्ट पार्छ । ट्रेलरमा एक्सन पनि छ ।

**आजको विचार...**



डा. विद्यानाथ कोइराला

विद्यालय...

*(दुई पेजमा)*



तीजको विदा पारेर आगामी भदौ २१ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को टिजर र शीर्ष गीत सार्वजनिक भएपछि चर्चा चुलिएको छ । विदेशमा समेत फिल्मको माग बढेको छ । यसैबीच, मध्यपूर्व र मलेसियामा फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ । साथीभाई इन्टरटेनमेन्टले मध्यपूर्वी र मलेसियाको अधिकार खरिद गरेको निर्देशक सुदर्शन थापाले जानकारी गराए । फिल्मलाई नेपालकै मितिमा मध्यपूर्व र मलेसियासहित अन्य देशमा एकसाथ प्रदर्शन गरिने जनाइएको छ ।

❒ वर्ष ३० ❒ अंक ३४ ❒ २०८१ भदौ २ गते आइतबार 18 August 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गाजा हमलामा एकै परिवारका १५ जनाको मृत्यु

**(रासस/एएफपी)**

**गाजापट्टी,** भदौ १/गाजाको नागरिक सुरक्षा विभागले शनिबार बिहान इजरायली हवाई आक्रमणमा नौ बालबालिका र तीन महिलासहित प्यालेस्टिनी परिवारका १५ सदस्यको मृत्यु भएको बताएको छ ।

मध्य गाजाको अल-जावैदामा रहेको अज्लाह परिवारको घरमा आक्रमण भएको नागरिक सुरक्षा प्रवक्ता महमुद बस्सलले बताए । इजरायली सेनाले यस घटनाबारे कुनै टिप्पणी गरेको छैन ।

'अल-जावैदाको अज्लाह परिवारको घर र गोदाममा भएको इजरायली आक्रमणबाट १५ जनाको मृत्यु भएको छ', बस्सलले भने । उद्धारकर्ताहरूले आक्रमणबाट क्षतिग्रस्त घरको भग्नावशेषबाट शव निकाल्दा अहमद अबु अल-घौलले भने,'तिनवटा रकेटहरू सिधै घरमा खसेको थियो । भित्र बालबालिका र महिलाहरू थिए ।

## लुम्बिनी प्रदेश सरकार

# तीन मन्त्रालय खाली, अझै पाएन पूर्णता

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ १/लुम्बिनी प्रदेश सरकारले अझै पूर्णता पाउन सकेको छैन् । सरकार गठन भएको महिना दिन पुग्नै लाग्दा पनि प्रदेश सरकारले पूर्णता पाउन नसकेको हो ।

सत्तारुढ दलभित्र सहमती नजुट्दा सरकार विस्तार हुन नसकेको जनाइएको छ । गत साउन ७ गते मुख्यमन्त्री नियुक्त भएका नेकपा एमाले लुम्बिनी प्रदेशका उपनेता चेतनारायण आचार्य सरकारलाई पूर्णता दिने गरी गृहकार्यमा जुटेको उनको सचिवालयले जनाएको छ । लुम्बिनी प्रदेशमा हाल तीन वटा मन्त्रालय खाली छन् । सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा मन्त्री नियुक्त गर्न बाँकी छ । यी मन्त्रालय हाल मुख्यमन्त्री आचार्यले सम्हाल्दै आएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कूल १२ मन्त्रालय रहेको लुम्बिनी सरकारमा अहिले काँग्रेसबाट चार र एमालेबाट चार गरी आठ जना मन्त्री छन् । मुख्यमन्त्री आचार्य सरकारलाई पूर्णता दिने विषयमा काँग्रेस र अन्य चार दलसँग निरन्तर छलफलमा रहे पनि त्यसले सार्थकता पाउन सकेको छैन । खाली रहेका तीन जना मन्त्री छिट्टै नियुक्त गरेर सरकारलाई पूर्णता दिने तयारी भइरहेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । खाली रहेका तीन मन्त्रालयमध्ये एउटा काँग्रेसलाई र दुई मन्त्रालय सरकारको समर्थनमा रहेका साना दललाई दिने तयारी छ । यहाँ एमालेले मुख्यमन्त्रीसहित ५ र काँग्रेसले ५ मन्त्रालयको बाँडफाँड गरेका थिए । दुई मन्त्रालय साना दललाई दिने सहमति भएको छ । तर सरकारलाई पूर्णता दिनेमा कांग्रेसभित्रको संस्थापन र इतर समुहको विवादले अन्योल सिर्जना गरेको स्रोतले जनाएको छ । काँग्रेसबाट मन्त्री बनेर सरकारमा पार्टीको नेतृत्व गर्न लागेका प्रमुख सचेतक जन्मजय तिमिल्सिना सपथ अगाडि नै पार्टीबाट रोकिएपछि काँग्रेसभित्र असन्तुष्ट बढेको हो । पार्टी संस्थापन समूहमा रहेका तिमिल्सिनालाई शेखर-गगन समूहका कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन:सहितको नेतृत्वले दबाव दिएपछि उनी मन्त्री हुनबाट रोकिएका थिए । साउन ९ गते मुख्यमन्त्री आचार्यले सपथग्रहणपछि ९ सदस्यीय मन्त्रिमण्डल विस्तार गरेका थिए ।




**मुख्यमन्त्रीले भदौ ४ गते विश्वासको मत लिने**

यस्तै मुख्यमन्त्री चेतनारायण आचार्यले भदौ ४ गते विश्वासको मत लिने भएका छन् । लुम्बिनी प्रदेश सभाको चौथो अधिवेशनको २५ औं बैठकमा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिने कार्यसुचि रहेको प्रदेश सभा सचिवालयले जनाएको छ । मुख्यमन्त्रीले नियुक्त भएको ३० भित्र विश्वासको मत लिनु पर्ने हुन्छ ।

एमाले र काँग्रेसका ५६ जना प्रदेश सभा सदस्यको समर्थनमा आचार्य मुख्यमन्त्री नियुक्त भएका थिए । एमाले २९ र काँग्रेसका २७ सांसदको उनलाई समर्थन रहेको थियो । हाल गठबन्धनमा साना दलहरुमा नागरिक उन्मुक्ति पार्टीका ४ जनमत ३, लोसपा ३ जसपा २ जसपा नेपाल १ जना सांसद रहेका छन् । लुम्बिनी प्रदेशसभामा ८७ सदस्य रहेका छन् ।




# पाल्पामा थपिए एक वर्षमा ९७ उद्योग

**रामपुर (पाल्पा),** भदौं १/पाल्पामा आर्थिक वर्ष २०८०/८१ मा ९७ वटा नयाँ उद्योग थपिएका छन् । जसमा उत्पादनमूलक आठ, कृषि तथा पशुपालन ४४, पर्यटन ३०, सेवासम्बन्धी १५ गरी ९७ वटा उद्योग दर्ता भएका हुन् ।

दर्ता भएका उद्योगमध्ये 'प्राइभेट फार्म' ९३ र साझेदारी फार्म चारवटा छन् । गतवर्ष ४३ महिला र ६० पुरुष गरी एक सय तीन जना उद्यमी थपिएका छन् । एक सय ८० महिला र दुई सय २७ पुरुष गरी चार सय सात जनालाई रोजगारी सिर्जना भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।




एक वर्षमा कार्यालयमा दर्ता भएका उद्योगमा २१ करोड ९८ लाख बराबरको पुँजी लगानी र सो उद्योगबाट १५ लाख ६४ हजार पाँच सय बराबरको कुल राजश्व प्राप्त भएको उद्यम विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिए । उनका अनुसार गत आवमा चार सय ८३ उद्योगको नविकरण, एक सय ७७ उद्योगको लगत कट्टा, ८९ उद्योग पुँजी वृद्धि, ३३ उद्योगले प्रतिलिपि लिएको, तीनवटा उद्देश्य थप तथा परिवर्तन, नौ वटा नामसारी तथा ठाउँसारी गरिएको छ ।

कार्यालय स्थापनादेखि हालसम्म जिल्लामा तीन हजार आठ सय १७ उद्योग दर्ता भएका थिए । जसमध्ये उत्पादनमूलक छ सय पाँच, कृषि तथा पशुपालनसम्बन्धी एक हजार तीन सय ६८, पर्यटनसम्बन्धी एक हजार ३३ छन् । सोही आवमा वाणिज्य फार्म ९१ वटा दर्ता भएका छन् । ***-बाँकी अन्तिम पेजमा***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनैको धार्मिक र वैज्ञानिक महत्व

भोलि (सोमबार) जनैपूर्णिमा पर्व हो । श्रावण शुक्ल पूर्णिमाको दिन विधि पूर्वक पूजाआजा गरी पवित्र बनाईएको जनै धारण गरी यो पर्व मनाउने गरिन्छ । नेपालकै तराई भेगमा यही दिन दिदी बहिनीले दाजु भाइहरुलाई राखी बाँध्ने चलन समेत रहेको छ । जो जनै लगाउँछन् (ब्राह्मण, क्षत्री र वैश्य) उनीहरुको लागि यो पर्व पवित्र पर्वको रुपमा मान्ने गरिन्छ । खास गरेर जनैपूर्णिमा हिन्दू धर्मावलम्बीले मनाउने एउटा पवित्र पर्व हो ।

कुनैपनि संस्कारयुक्त तागाधारीहरुले आफ्नो बाँया काँधदेखि दायाँ कम्मरसम्म पुग्नेगरी एक कच्चा धागोलाई बेरेर राखेको हुन्छ । त्यही धागोलाई हामी जनै भन्दछौं । यो जनैमा तीन वटा सूत्र, नौ वटा तार र पाँचवटा गाँठाहरु रहेका हुन्छन् । यही जनैलाई संस्कृतमा यज्ञपवित भनिन्छ र पहिलो पटक यज्ञपवित गर्ने दिनलाई सोह्र संस्कार मध्येको एक दिन पनि मान्ने गरिएको छ । यो जनै सूतबाट बनेको पवित्र धागो हो । जसलाई तागाधारीहरुले बायाँ काँधबाट सुरु गरेर दायाँ हातको मुनिसम्म पुग्ने गरी पहिरिने गरिन्छ । हरेक पर्वको आ–आफ्नै महत्व रहे जस्तै जनैपूर्णिमाको पनि धार्मिक र वैज्ञानिक महत्व रहेको छ । शास्त्रीय मान्यताअनुसार विशेष गरी तागाधारीले वर्षा दिन वेद पढ्नुपर्ने र त्यसको साङ्ग (समाप्ति)को दिनका रूपमा जनै पूर्णिमालाई लिइन्छ । यस दिन स्नान गरी सप्तऋषिसहित ब्रह्मा, विष्णु र महेश्वरको पूजा गरी जनै मन्त्रे र त्यसलाई धारण गर्ने प्रचलन छ । धार्मिक दृष्टिकोणबाट जनै धारण गर्नाले शरीर शुद्ध र पवित्र हुने मानिन्छ । जनै धारण गरेको व्यक्तिलाई कुनै पनि आसुरी शक्तिले आक्रमण गर्न सक्दैन । जुनसुकै धार्मिक कार्य गर्दा पनि पुरुषले जनै अनिवार्य धारण गरेको हुनु पर्दछ । बिना जनै गरिएको काम पुरा नहुने मात्र होइन विपरित फल समेत दिन सक्ने हुन्छ । यसलाई हिन्दु धर्मको एउटा अनुशासनको कडी मान्न पनि सकिन्छ । वैज्ञानिक दृष्टिबाट पनि जनै लगाउँदा मानिस झनै स्वस्थ रहने पत्ता लागेको छ । यसले हृदय रोगको सम्भावनालाई कम गर्छ, चिकित्सा विज्ञानका अनुसार दाँया कानको नशा अण्डकोष र गुप्तेन्द्रियसँग जोडिएको हुन्छ । पिसाब फेर्ने समयमा दाँया कानमा जनै राख्नाले शुक्रकिटको रक्षा हुनुको साथै बाया काधमा जनै राखेर सुतेमा नराम्रो सपना देख्ने समस्याबाट मुक्ति मिल्दछ भने निन्द्रामा भुत प्रेत आदि बाट हुने ऐठन आदिको भयबाट पनि मुक्ति मिल्छ । काधमा जनै लगाउनाले पेट सम्बन्धि रोग तथा रक्तचापको समस्याबाट समेत बच्न सकिने भएकाले जनैको वैज्ञानिक महत्व रहेको छ । यसर्थ जनैको धार्मिक तथा वैज्ञानिक महत्व भएकाले यसको उपयोगसँगै सरक्षणमा ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

'आज जुत्ता लगाउने हैसियत भयो भन्दैमा,
हिजो भुइँमा टेकिएको त्यो खाली खुट्टोलाई बिर्सनु हुदैन !'
*(सुशिल थापाको फेसबुक स्टाटसबाट www.facebook.com/thapa.sushil)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विद्यालय शिक्षा : कसरी सुधार्ने गणित, विज्ञान र अंग्रेजीको नतिजा ?



डा. विद्यानाथ कोइराला

*गणित, विज्ञान र अंग्रेजीमा धेरै विद्यार्थी फेल हुनुको मुख्य कारण सिकाउने विधिको कमजोरी हो । विद्यार्थीले पढ्ने र शिक्षकले पढाउने शैली नमिल्दा यो अवस्था आएको हो । हरेक विद्यार्थीले बुझेर पढ्ने तरिका फरक-फरक हुन्छ । विद्यार्थीले सिक्ने र शिक्षकले सिकाउने तरिका फरक छ । कसैले देखेर सिक्छन्, कसैले सुनेर सिक्छन्, कसैले गरेर सिक्छन् । शिक्षकहरूले विद्यार्थीको सिक्ने तरिका बुझेर त्यसअनुसार सिकाउन सकेका छैनन्, जसले गर्दा विद्यार्थीहरू समस्यामा परेका छन् । अर्को समस्या शिक्षण विधि परम्परागत र कम प्रभावकारी हुनु हो । गणित, विज्ञान, अंग्रेजी र सामाजिकजस्ता विषयहरूमा शिक्षकहरूले नयाँ र प्रभावकारी विधिहरू अपनाउन सकेका छैनन् । विद्यार्थीहरू प्रविधिबाट सिक्न चाहन्छन्, तर शिक्षकहरू बोर्डमा लेखेर पढाउँछन् ।*

यसपालिको एसईई परीक्षामा ४८ प्रतिशत र कक्षा १२ को परीक्षामा ५३ प्रतिशत मात्रै विद्यार्थी पास भएका छन् । पहिलेका वर्षहरूमा जस्तै यसपालि पनि गणित, विज्ञान र अंग्रेजी विषयमा धेरै विद्यार्थी फेल भएका छन् । यसले विद्यालय शिक्षा प्रणालीको कमजोरीलाई उजागर गरेको छ ।

गणित, विज्ञान र अंग्रेजीमा धेरै विद्यार्थी फेल हुनुको मुख्य कारण सिकाउने विधिको कमजोरी हो । विद्यार्थीले पढ्ने र शिक्षकले पढाउने शैली नमिल्दा यो अवस्था आएको हो । हरेक विद्यार्थीले बुझेर पढ्ने तरिका फरक-फरक हुन्छ । विद्यार्थीले सिक्ने र शिक्षकले सिकाउने तरिका फरक छ । कसैले देखेर सिक्छन्, कसैले सुनेर सिक्छन्, कसैले गरेर सिक्छन् । शिक्षकहरूले विद्यार्थीको सिक्ने तरिका बुझेर त्यसअनुसार सिकाउन सकेका छैनन्, जसले गर्दा विद्यार्थीहरू समस्यामा परेका छन् । अर्को समस्या शिक्षण विधि परम्परागत र कम प्रभावकारी हुनु हो । गणित, विज्ञान, अंग्रेजी र सामाजिकजस्ता विषयहरूमा शिक्षकहरूले नयाँ र प्रभावकारी विधिहरू अपनाउन सकेका छैनन् । विद्यार्थीहरू प्रविधिबाट सिक्न चाहन्छन्, तर शिक्षकहरू बोर्डमा लेखेर पढाउँछन् । विद्यार्थीहरू घुलमिल हुन र अन्तरक्रिया गर्न रुचाउँछन्, तर शिक्षकहरू किताब पढाउनमा मात्र ध्यान दिन्छन् । प्रयोगात्मक र अन्तरक्रियात्मक शिक्षण विधिको अभावले गर्दा विद्यार्थीहरू विषयवस्तुमा रुचि लिन सक्दैनन् । परिणामस्वरूप गणित, विज्ञान र अंग्रेजीजस्ता विषयहरूमा बढी समस्या देखियो । उदाहरणका लागि मकै भुट्दा किन ठूलो भयो भन्ने कुरा विज्ञान हो भने कति ठूलो भयो भन्ने गणित हो । बाबु आमाको सम्बन्ध, दिदी बहिनी, दाजुभाइको सम्बन्ध, छिमेकी, नातागोता, नेताको सम्बन्ध लगायत समाजमा भएका कुराहरू नै सामाजिक ज्ञान हो । त्यसको अर्थतन्त्रसँगको, राजनीति लगायत समाजका अन्य विषयवस्तुसँगको सम्बन्ध नै सामाजिक शिक्षा हो । यी सबै कुराहरूलाई किताबमा समेटिएको हो । गणित विषयमा विद्यार्थीलाई घर नाप्न लगाउने हो, अंग्रेजीमा वस्तु देखाएर सिकाउने हो, सामाजिकमा समाजमै घुलमिल भएर सिकाउने हो । यसरी पढाउन सके विद्यार्थीले सजिलै र चाँडै सिक्न सक्छन् । तर किताब मात्रै पढाउँदा विद्यार्थीहरूले विषयको गहिरो बुझाइमा समस्या हुन्छ । त्यसैले, सही तरिकाले पढाउन नजान्दा नै विद्यार्थीलाई यी विषय गाह्रो भएको हो । विद्यार्थीले राम्रो गर्दा त्यसको श्रेय शिक्षकले नै पाउँछन् र असफल हुँदा पनि कारण शिक्षक नै हुन्छन् । शिक्षकले सरल तरिकाले विषयवस्तु बुझाउन असफल हुँदा विद्यार्थीहरूको प्रदर्शन कमजोर हुन्छ । विद्यार्थीलाई परीक्षाको लागि तयारी गर्न स्वत:स्फूर्त गराउनु शिक्षकको महत्त्वपूर्ण जिम्मेवारी हो । पढाइ बिग्रनुमा अभिभावकको कुनै दोष हुँदैन । धेरैले आफ्ना बालबालिकालाई राम्रो विद्यालयमा पढाउने विकल्प अपनाउँछन् र केहीले त राम्रो शिक्षा दिनकै लागि बसाइँसराई समेत गर्छन् । विद्यार्थीहरूको पनि कुनै दोष छैन । अतिरिक्त कक्षा लिने लोभमा केही विषयहरूलाई गाह्रो बनाइन्छ, तर पुस्ता फरक भइसकेपछि पढ्ने तरिका पनि फरक हुन्छ । अहिलेको पुस्ताले प्रविधिमा आधारित शिक्षा अपनाउँछ, जबकी हिजोका पुस्ताले किताबमा पढ्थे । अहिले हेरेर, खेलेर, र चलेर पढ्ने विधि प्रभावकारी छ । तर यो तरिका अपनाउन नसक्दा गडबड भएको हो । शिक्षकहरूले पनि नयाँ शिक्षण विधि अपनाउन नसक्नु अर्को समस्या हो । शिक्षकहरूले कमजोरीहरू पहिचान गरेर सुधार गर्नुपर्छ । शिक्षकले शिक्षामा आएको परिवर्तनलाई बुझेर परिस्थिति अनुसार बदलाब गर्न जान्नुपर्छ । शिक्षकलाई यो कुरा बुझाउन नसक्नु हामी सबैको कमजोरी हो ।

विद्यार्थीहरूको खराब नतिजाले उनीहरूको मनोवैज्ञानिक र शैक्षिक मात्र होइन, अभिभावकहरूमा सामाजिक र आर्थिक असर र शैक्षिक संस्थाहरूको प्रतिष्ठागत असर पनि पार्छ । यसले समाजमा समग्र शिक्षा प्रणालीप्रतिको विश्वासमा कमी ल्याउँछ । अहिले धेरै विद्यार्थी विदेशिनुको मुख्य कारण पनि यही विश्वासको कमी हो । अभिभावक र समाजले शिक्षाको गुणस्तरबारे सरकार र नेतृत्वमाथि प्रश्न उठाउनुको कारण यही हो । विद्यार्थीहरूलाई स्वदेशमै उचित अवसरहरू देखाउन सक्नुपर्छ, जुन सरकारी नीति तथा शिक्षण विधिमा सुधार हुन सके मात्रै सम्भव देखिन्छ । यस्तै पढाउने कला अर्थात् शिक्षण विधि सुधार गर्दा विद्यार्थीहरूको बुझाइ र सिकाइ प्रक्रियामा सकारात्मक परिवर्तन ल्याउँछ । प्रभावकारी शिक्षण विधि अपनाउँदा पाठ्यक्रमको कडाइले बाधा पुर्‍याउँदैन, बरु त्यस विधि अपनाएर विद्यार्थीहरूलाई गहिरो रूपमा विषयवस्तु बुझाउन सकिन्छ । जब शिक्षण विधि आकर्षक, अन्तरक्रियात्मक, र व्यावहारिक हुन्छ, विद्यार्थीहरूको रुचि र ध्यान बढ्छ, जसले उनीहरूको शैक्षिक प्रगति राम्रो हुन्छ । विद्यार्थीहरूको क्षमता र रुचिअनुसार व्यक्तिगत लक्ष्यहरू निर्धारण गर्नु शिक्षकको जिम्मेवारी हो । शिक्षकले विद्यार्थीहरूको रुचिअनुसारका कार्यहरूमा संलग्न गराउनुपर्नेछ, जसले उनीहरूलाई प्रगति र साना सफलताहरूको आनन्द लिन प्रेरित गर्छ । विद्यार्थीहरूको साना उपलब्धीहरूको प्रशंसा र पुरस्कारले उनीहरूको आत्मविश्वास र प्रेरणा बढाउँछ ।

परियोजना-आधारित सिकाइ, खेल खेल्दै सिकाइ, र समूहमा काम गर्ने जस्ता रचनात्मक विधिहरू अपनाएर विद्यार्थीहरूको रुचि र उत्साह बढाउन सकिन्छ । शिक्षक र विद्यार्थीबीचको स्वस्थ सम्बन्धले यस्तो सिकाइ वातावरणलाई सुधार्छ, जसले विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्छ । नेपालको शिक्षा प्रणालीमा सरकारको प्रभाव निर्णायक हुन्छ र परीक्षाको नतिजा नराम्रो हुनुमा सरकारको दोष पनि महत्त्वपूर्ण छ । सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकता नदिँदा समस्या उत्पन्न हुन्छ । शिक्षकहरूको कामको उचित मूल्याङ्कन र प्रशंसा गर्नु सरकारको जिम्मेवारी हो । एक शिक्षकले गरेको राम्रो कामबाट अर्को शिक्षकले प्रेरणा लिन सिक्न सक्छ, तर प्राविधिक सहयोगको अभावमा शिक्षकहरू नयाँ र प्रभावकारी शिक्षण विधिहरू अपनाउन सक्दैनन् ।

यसले शिक्षकको सिकाइ र क्षमता विकासमा कमी ल्याउँछ र विद्यार्थीहरूको सिकाइ प्रक्रियामा बाधा पुर्‍याउँछ, जसले गर्दा नतिजा कमजोर देखिन्छ । यसको दोष शिक्षकमाथि नै जान्छ, र परिवर्तनको लागि शिक्षक, शिक्षक महासै, विज्ञ र सहयोगीहरूले ठोस पहल गर्न नसक्दा समस्याहरू जस्ताको तस्तै रहन्छन् । प्रविधिलाई व्यवस्थित गर्दै शिक्षकलाई नयाँ शिक्षण विधिहरूको सुझाव र सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता छ । शिक्षकहरूलाई कसरी पढाउनुपर्छ भन्ने थाहा भए पनि वास्तविक कक्षाकोठामा यो विधि प्रभावकारी रूपमा लागू गर्न चुनौतीपूर्ण हुन्छ, जसका कारण विद्यार्थीहरूले प्रभावकारी सिकाइ अनुभव गर्न सक्दैनन् र नतिजा कमजोर रहन्छ । विद्यार्थीहरूले कसरी पढ्नु पर्छ भन्ने थाहा भए पनि उनीहरूको मानसिकता र प्रेरणामा कमी हुँदा अध्ययनमा ध्यान दिन सक्दैनन् ।

सरकारले शिक्षा नीति बनाउन सक्छ, तर यसको प्रभावकारी कार्यान्वयन कमी देखिन्छ, जसका कारण शिक्षा प्रणालीमा सुधार आउन सक्दैन र नतिजा कमजोर नै रहन्छ । सबै कुरा थाहा हुँदा पनि व्यावहारिक रूपमा लागू भएको छैन । शिक्षकहरूलाई नयाँ शिक्षण विधि अपनाउने र प्रविधिसँग जोडिने अवसर प्रदान गर्नु आवश्यक छ । यसका लागि शिक्षकहरूले गरेका उत्कृष्ट कामलाई अन्य शिक्षकहरूले पनि हेर्न र सिक्न सक्ने प्रविधि विकास गर्नुपर्छ । एक शिक्षकले राम्रो काम गर्दा, यसलाई अन्य शिक्षकहरूले अध्ययन र अपनाउन सक्ने व्यवस्था मिलाउनु महत्त्वपूर्ण छ । साथै, शिक्षकहरूको कामको मूल्याङ्कन र प्रशंसा गर्ने व्यवस्था स्थापना गर्नुपर्छ, जसले गर्दा उनीहरूको प्रेरणा र प्रयासलाई प्रोत्साहन दिन सकिन्छ । सिकाइ विधि, विद्यार्थीहरूको मानसिकता, नीति कार्यान्वयन र पारिवारिक वातावरणजस्ता विभिन्न कारणहरूले गर्दा सबै कुरा थाहा हुँदा पनि परीक्षा नतिजा सधैँ कमजोर आउँछ । यी समस्याहरूलाई समाधान गर्न सबैको प्रयास आवश्यक छ, जसले शिक्षा प्रणालीलाई सुधार्न र विद्यार्थीहरूको शैक्षिक प्रगति सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ ।

***(शिक्षाविद् डा. विद्यानाथ कोइरालासँगको कुराकानीमा आधारित)***

***-उज्यालोखबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । |
| **वृष** : आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । शेयर बजारले साथ दिनेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : आतिथ्यपूर्ण सम्मान पाइएला। वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योग छ । |
| **कर्कट** : प्रतिस्पर्धाबाट लाभ हुने छैन । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मकर** : अचल सम्पत्ति हात पर्ला । यात्रा फलदायी हुनेछ । |
| **सिंह** : दाम्पत्य सुखले प्रफुल्लित भइनेछ। अधुरो काम पूरा हुनेछ । | **कुम्भ** : धिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । महत्त्वपूर्ण अवसर गुम्न सक्छ । |
| **कन्या** : वैदेशिक कार्य अघि बढ्नेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । | **मीन** : मनमा शान्ति छाउला । बौद्धिक काममा सफलता मिल्नेछ । |

## कृषि

# देशभर ९८ प्रतिशत रोपाइँ सम्पन्न

यस वर्ष देशभर करिब ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । देशभर करिब १४ लाख हेक्टर जमिन धानखेतीका लागि उपयुक्त रहेकामा करिब १३ लाख ७२ हजार हेक्टर जमिनमा धान रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्ष साउनसम्म करिब ९० प्रतिशत मात्र रोपाइँ भएकामा चालु आर्थिक वर्षको साउनसम्म आठ प्रतिशतले बढेर रोपाइँ सम्पन्न भएको हो । यस वर्ष देशभर राम्रो वर्षा भएकाले पनि रोपाइँ पनि देशभर राम्रोसँग भएको जनाइएको छ । धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।



उनीका अनुसार सुदूरपश्चिम प्रदेशमा शत प्रतिशत धान रोपाइँ गरिएको छ भने कोशी प्रदेशमा अन्य प्रदेशभन्दा कम ९५ प्रतिशत रोपाइँ सम्पन्न भएको तथ्यांक छ । गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा ९९ प्रतिशत तथा मधेस प्रदेशमा सबैभन्दा कम ६० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । देशभर ९८ प्रतिशत रोपाइँ सम्पन्न आर्थिक वर्ष २०८०/८१ मा धान र चामल गरी रु २१ अर्ब ३४ करोडको आयात गरिएकामा आर्थिक वर्ष २०७९/८० मा रु ३५ अर्ब ९० करोडको आयात गरिएको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा करिब रु १३ अर्बले आयात घटेको अभिलेख मन्त्रालयसँग छ ।

यस वर्ष करिब छ प्रतिशतले धानको उत्पादन वृद्धि हुने अनुमान गरिएकाले आयात थप घट्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए । *-रासस*

# कृषिबाट वार्षिक ६ लाख बचाउँदै सन्तोष



पाँच वर्षअघि विदेशबाट फर्केर कृषिमा लागेका प्युठान नगरपालिका–८ तल्लो गेजवाङका सन्तोष जिसीलाई आफ्नो गाउँ रमाइलो लाग्छ । उनले गाउँमा कृषिकर्म गरेर मनग्य आम्दानी समेत गरिराखेका छन् ।

जिल्लामा किसान कृषिकर्ममा टिकेको पाइँदैन । केही त अनुदान लिएको अर्को वर्षदेखि नै फार्म बन्द गरेर विदेशिएका पनि छन् । तर जिसी भने प्रत्येक वर्ष नाफा वृद्धि गर्दै लैजाँदा खुसी छन् । 'मासिक एक लाखभन्दा बढी तलब छाडेर स्वदेशमा कृषि पेशा अँगालेको हुँ । यहीं नै लगनशील भएर काम गरे प्रशस्त आम्दानी गर्न सकिन्छ,' उनले भने । विदेशमा जति कमाई भए पनि गाउँमै केही गरेर युवालाई उत्प्रेरणा दिन आफू विदेशबाट फर्केर कृषिमा लागेको जिसीले सुनाए । उनले संयुक्त अरब इमिरेट्सको दुबई अल्कुज कम्पनीमा पाँच वर्ष काम गरेर स्वदेश फर्किएका हुन् । हजुरबुबाले तल्लो गेजवाङ केही जग्गामा तरकारीखेती गरेर उब्जेको देख्दा आफ्नो बारीमा तरकारी फल्छ भन्ने लागेको सोही प्रेरणाले विदेशबाट फर्केर तरकारीखेती गर्ने योजना बुनेका थिए । जिसीको आठ रोपनी क्षेत्रफल भएको जग्गामा तरकारीखेती रहेको छ । यसमध्ये करिब तीन रोपनीमा पक्की टनेल निर्माण गरी बेमौसमी टमाटरखेती गरिएकामा टमाटरबाट एक याममा करिब तीन लाख रुपैयाँबराबर बिक्री गरेका हुन् । श्रीमती हिमा केसी जिसीले गाउँकै आधारभूत तहको शिक्षण गरी बिहान बेलुका सघाएकी छन् भने स्थानीय चार महिलालाई रोजगारी प्रदान गरेका छन् । जिसी कृषि फार्मका रूपमा ५० हजार रुपैयाँबाट बारीमा तरकारीखेती सुरु गरिएकामा बर्सेनि आम्दानी वृद्धि गर्दै हाल आठ लाखको लगानी रहेको छ । तरकारीबाट बर्सेनि उत्पादन र आम्दानी वृद्धि हुँदै गएपछि थप हौसला मिलेको उनी बताउँछन् ।

जिसी दम्पतीसहित बुबा, आमा, तीन छोरी गरी सातजनाको परिवार छ । 'गत वर्ष सबै खर्च कटाएर वार्षिक छ लाख रुपैयाँ नाफा भएको छ,' जिसीले भने, 'काममा स्वतन्त्रतासँगै मनग्य आम्दानी हुँदा विदेशभन्दा गाउँमा कृषि गर्नु धेरै राम्रो हो भन्ने लाग्दछ ।' २०७९ मा साढे चार लाख जति नाफा भएकामा यस वर्ष उत्पादनसमेत वृद्धि र टनेलमार्फत खेती गर्दा उत्पादनमा वृद्धि भएको छ । जिसीले टमाटर, भिण्डी र बोडी लगाइएकामा अब खुसार्नी र भेडेखुसार्नी लगाउन ब्याड तयार गरेका छन् । उनले वार्षिक आगामी वर्षसात लाख बचत हुनेगरी उत्पादनमा लागेका छन् । जिसीलाई दुई वर्षदेखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सहयोग गर्दै आएको छ ।

गत वर्ष हाते ट्र्याक्टर अनुदानमा पाएकामा यस वर्ष टनेलका लागि दुई लाख ७० हजार रुपैयाँ अनुदान पाएका छन् । जिल्लामा कृषि उत्पादनको बजारीकरणमा समस्या देखिए पनि जिसीले तरकारी व्यवसायीसँग प्रत्यक्ष कारोबार गर्ने हुँदा बजारको अभाव छैन । प्युठानका बिजुवार, बागदुला, क्वाडी, खलंगाका पसलमा तरकारी पुग्ने गरेको छ । तर हिउँदे सिजनमा तराईका तरकारीले बजार निर्धारण गर्ने हुँदा मूल्य नपाउने समस्या भने छ । स्थानीय सरकारले मूल्य निर्धारण गर्ने र बाह्य तरकारीलाई निरुत्साहित गरी स्थानीय उत्पादनलाई बजारीकरणमा सहयोग गरे किसानलाई मार नपर्ने उनको भनाइ छ । *-रासस*

# डीडीसी र ठूला उद्योगको मारमा किसान

चितवन रत्ननगर नगरपालिका सुन्दरचोकका स्थानीय किसान नरबहादर डाँगी फार्ममा भएको गाईभैंसी बेच्ने तरखरमा छन् । प्रत्येक महिना अन्तिममा नजिकै रहेका किराना पसलेहरू फार्म आएर पैसा माग्न थालेपछि डाँगीलाई आपत परेको छ । यसको कारण हो डाँगीले बेचेको दूधको पैसा नपाउनु । ११ भैंसी र ७ गाई पालेका उनले तीन महिनाको बक्यौता ९ लाखभन्दा धेरै लिन बाँकी छ । 'चार वटा जति पसलका मान्छे ढुटो चोकरको पैसा लिन आइसके । टोल छिमेकमा पनि सापटी मागेको छु । यत्रो फार्म चलाउँदा नि पैसा खेलाउन पाएको छैन । दुधको पैसा समयमा आउने हो भने सबै ठिक हुन्थ्यो,' डाँगीले भने । उनले अहिले दूधको पैसा समयमा नपाउँदा अवस्था नाजुक भएको बताए । दुई वर्ष अगाडि सुरु गर्दा केही समस्या थिएन । तर, अहिले धेरै नै समस्या भएको बताए । 'यही हो भने भएको गाईभैंसी बेचेर खाडी जानुपर्छ,' डाँगीले भने । हेटौंडा उपमहानगरपालिका-१४ स्थित मुक्तिनाथ एकीकृत कृषि फर्म सञ्चालक गीता अधिकारीको तीन महिनाको १ लाख २० हजार रुपैयाँ दूध बिक्रीको पैसा रोकिएको छ । स्थानीय कृषि सहकारीबाट ऋण लिएर दाना, ढुटो, चोकर खरिद गरेर आधा दर्जन गाईलाई खुवाउँदै आएको अधिकारी बताउँछिन् । उनलाई घर खर्चभन्दा पनि ऋणको साँवा तिर्न नसकेकोमा बढी चिन्ता छ । 'घर खर्च त जसरी पनि चलाउँथे । दाना, चोकर किनेकै ऋणको साँवा तिर्न सकेको छैन,' उनले भनिन् । काभ्रेका अगुवा किसान नारायण नेपाल दूधको बक्यौता रकम भुक्तानी नहुँदा पूरै जिल्लाका किसान समस्या रहेको बताए । 'भुक्तानी नहुँदा किसानलाई दैनिकीमै समस्या छ, अहिले ढुटो किन्ने पैसा पनि छैन, एउटा पसलबाट उधारोमा लिएको पत्याउन छाडेपछि अर्को पसलमा जान परेको छ,' नेपालले अनलाइनखबरसँग भने । नेपालको मात्रै ११ हप्ताको पैसा लिन लिन बाँकी छ । उनले आफू जस्तै सयौं किसान समस्यामा रहेको बताए । 'दूधको रकम भुक्तानी गर्न एक हप्ता भनेर १५ दिन छुट्याएको हुन्छ । केही साथीको २० हप्ताभन्दा बढी रकम बक्यौता भइसक्यो,' नेपालले भने । 'अन्य स्थानको त थाहा छैन, तर काभ्रेमा कतिपय सहकारीले ऋण लिएर भए पनि किसानको दैनिकी चलाउन सहयोग गरिरहेका छन् । हामीले दूध सहकारी मार्फत डीडीसी र डेरी उद्योगहरूलाई बेच्ने गर्छौं ।' मकवानपुरगढी गाउँपालिका-६ का किसान विष्णु ढकालले स्थानीय उज्वल दुग्ध उत्पादक सहकारीलाई बिक्री गरेको दूधको १ लाख ७५ हजार रुपैयाँभन्दा बढी रकम लिन बाँकी छ । चैत २०८० मा पहिलो किस्ता लिएपछि उनले दूध बिक्री बापत पैसा नपाएको गुनासो गरे । दुइटा गाईको दूध बेचेर घर खर्च चलाउँदै आएका ढकालले अब खर्च धान्न मुस्किल परिसकेको छ । 'चार-पाँच महिना भइसक्यो । दूधको पैसा आएको छैन् । १ लाख ७५ हजार भइसक्यो लिन बाँकी । घरमा नुन, तेल बन्द हुने बेला भयो,' उनी गुनासो गर्छन् । ढकालले गाईभैंसी पालनभन्दा अर्को कुनै पेसा-व्यवसाय नगरेकाले समस्यासँग जुध्नुको विकल्प नभएको सुनाए । हेटौंडा-११ का भीमसेन हुमागाईंको घर खर्च पनि दूध बिक्रीबाट प्राप्त आम्दानीको भरमा छ । तर, उनले दुई महिनादेखि पैसा नपाएको गुनासो गरे । 'दूधको फारम माग्न जाँदा बिक्री गरेको ठाउँबाटै नआएकाले दिन नसकेको भन्छन् । हामीलाई घर चलाउन गाह्रो परिरहेको छ । राज्यले पनि यसमा धेरै चासो दिएन कि जस्तो लाग्छ,' उनले सुनाए ।



> *स्थानीय कृषि सहकारीबाट ऋण लिएर दाना, ढुटो, चोकर खरिद गरेर आधा दर्जन गाईलाई खुवाउँदै आएको अधिकारी बताउँछिन् । उनलाई घर खर्चभन्दा पनि ऋणको साँवा तिर्न नसकेकोमा बढी चिन्ता छ । 'घर खर्च त जसरी पनि चलाउँथे । दाना, चोकर किनेकै ऋणको साँवा तिर्न सकेको छैन,' उनले भनिन् । काभ्रेका अगुवा किसान नारायण नेपाल दूधको बक्यौता रकम भुक्तानी नहुँदा पूरै जिल्लाका किसान समस्या रहेको बताए । 'भुक्तानी नहुँदा किसानलाई दैनिकीमै समस्या छ, अहिले ढुटो किन्ने पैसा पनि छैन, एउटा पसलबाट उधारोमा लिएको पत्याउन छाडेपछि अर्को पसलमा जान परेको छ,' नेपालले अनलाइनखबरसँग भने । नेपालको मात्रै ११ हप्ताको पैसा लिन लिन बाँकी छ । उनले आफू जस्तै सयौं किसान समस्यामा रहेको बताए । 'दूधको रकम भुक्तानी गर्न एक हप्ता भनेर १५ दिन छुट्याएको हुन्छ । केही साथीको २० हप्ताभन्दा बढी रकम बक्यौता भइसक्यो,' नेपालले भने ।'*

मकवानपुरगढी-५ का लक्ष्मण दाहालले स्थानीय जनजागृति बहुउद्देश्यीय सहकारी संस्थामा दैनिक १५ लिटर दूध बिक्री गर्ने गर्छन् । उनले जेठयता दूध बिक्री बापत पैसा नपाएको गुनासो गरे । ७० हजारभन्दा बढी रकम संस्थासँग लिन बाँकी रहेको उनको भनाइ छ । लक्ष्मणलाई पनि अन्य किसान जस्तै घर खर्च चलाउन धौधौ पर्न थालिसकेको छ । दूधको पैसा रोकिएपछि घरमा चुल्हो बल्न छाडेको जस्तो हुने दाहाल सुनाउँछन् ।

**डेरी उद्योगको बक्यौता १ अर्ब ६ करोड** : डेरी उद्योग संघ नेपाल अन्तर्गत हालसम्मको बक्यौता १ अर्ब ६ करोड ३३ लाख ६९ हजार रुपैयाँ पुगेको छ । 'असार मसान्तसम्मको तथ्यांक अनुसार यति रकम भए पनि धेरै जस्तो उद्योग नियमित छन्,' संघका एक पदाधिकारी भन्छन् । उनका अनुसार अहिले केही ठूला डेरी उद्योगले पैसा नतिर्दा समस्या भएको हो । 'सुजल डेरीजस्ता ठूला उद्योगले करोडौं तिर्न बाँकी छ । यसले गर्दा पनि निजी उद्योगले भुक्तानी नदिएको देखिन्छ,' ती पदाधिकारीले भने, 'समग्रमा केही ठूला उद्योगल ठूलो रकम नतिर्दा समस्या भएको हो । मझौला तथा साना डेरी उद्योगमा खासै समस्या छैन ।' डेरी एसोसिएन नेपालले भने डेरीहरूले पैसा बक्यौता नराखेको जनाएको छ । 'हाम्रो एसोसिएसन अन्तर्गत रहेका डेरीमा भुक्तानीको समस्या छैन । अधिकांश नियमित छन् । समस्या ठूला डेरी उद्योगमा हो,' अध्यक्ष प्रल्हाद दाहाल भन्छन्, 'केही डेरीको बक्यौता रहेको छ, तर उनीहरूले बक्यौता नतिर्दा सबै उद्योगलाई ट्याग लागिरहेको छ ।' दाहालका अनुसार एसोसिएसनमा ३ सय बढी डेरी उद्योग आबद्ध छन् । दुग्ध उत्पादक सहकारी संघ केन्द्रीय अध्यक्ष अमरबहादुर कुँवरले राज्यकै कारण किसान समस्यामा परेको बताए । 'अहिले राज्यले यो-यो उद्योग र दुग्ध विकास संस्थान (डीडीसी) लाई भुक्तानी दिन लगाएर नियमित गर्ने हो भने समस्या नै हुँदैन,' उनले भने, 'अहिले सरकारीलाई पैसा नदिने पनि ठूला उद्योग नै धेरै छन् । त्योभन्दा धेरै त डीडीसी नै छ ।'

**डीडीसीको बक्यौता १ अर्ब ३८ लाख** : डीडीसीका निमित्त महाप्रबन्धक राजेन्द्रप्रसाद अधिकारीका अनुसार अहिले किसानलाई डीडीसीले १ अर्ब ३८ लाख रुपैयाँ तिर्न बाँकी छ । 'पछिल्लो समय बिस्तारै बक्यौता घटाउँदै लगेका छौं । उत्पादन र बजारको तालमेल नमिल्दा धेरै दूधको प्रशोधित उत्पादन स्टक थियो,' अधिकारीले भने । उनका अनुसार नेपालमा वार्षिक करिब २६ लाख टन दूध उत्पादन हुन्छ । दूध उत्पादन अनुसार माग नहुँदा डेरी उद्योग र डीडीसीले प्रशोधन गरेर पाउडर दूध र मखन बनाउनु परिरहेको छ । 'गत आर्थिक वर्ष मात्रै हामीले १ करोड ७० लाख लिटर दूध प्रशोधन गरेर पाउडर मखन बनायौं । त्यसको रकम त होल्ड हुने नै भयो । त्यसरी थपिएको बक्यौता प्रत्येक दिन जसो लिज गर्दा पनि महिनाको ५ दिन जतिको रकमको दायित्व थपिँदै जान्छ,' अधिकारीले भने ।

डीडीसीका अनुसार मखन अब बिक्री हुन्छ । घिउको सिजन आउने हुँदा अब तिहारसम्म ४ लाख किलो घिउ बिक्री हुने अनुमान छ । 'स्टक कटेपछि किसानको भुक्तानी तीव्र हुन्छ । डीडीसीले दैनिक १ करोडको व्यापार गर्दा सबै खर्च खटाएर करिब ८० लाख जति अहिले पनि सहकारी मार्फत किसानलाई पैसा दिइरहेको छ,' अधिकारीले भने । नेपालमा दूधजन्य पदार्थ खपत बढ्न नसक्दा बजार नपाइरहेको उनले बताए । 'हाम्रो उत्पादन अनुसार बजार नै बनाउन सकिएको छैन । त्यसकारण खपत नभएको हो । खपत नहुँदा कन्भर्जन गर्नुपर्छ, कन्भर्जन गरेको दुग्धजन्य पदार्थ नबिक्दा पैसा हुँदैन । चेन नै रोकिन्छ,' उनले भने । किसानको दूधको बक्यौता रकम भुक्तानी नदिएको विषयमा राष्ट्रिय किसान आयोगले पनि ध्यानाकर्षण गराएको छ । आयोगकी प्रवक्ता जीवन्ती पौडेलका अनुसार किसानको बक्यौता राख्ने उद्योग र डीडीसीलाई पत्र लेखेर कति रकम भन्ने विवरण माग गरेर बैठक डाक्ने तयारी छ । 'किसानको समस्यावारे हामीले बारम्बार भन्दै आएका छौं । यो पटक पनि भनेका छौं । छिट्टै बैठक राखेर यसबारे थप ध्यानाकर्षण गराउँछौं,' पौडेलले भनिन् ।

*-अनलाइन खबर डटकम*

# सदस्य बस्यालले दिए काँग्रेस पाल्पालाई ११ बुँदे सुझाव



**पाल्पा,** भदौ १/नेपाली काँग्रेस पाल्पाका जिल्ला सदस्य तथा महासमिति सदस्य कृष्णप्रसाद बस्यालले नेपाली काँग्रेस जिल्ला कार्य समितिलाई ११ बुँदे रचनात्मक सुझाव पेश गरेका छन् । पार्टीलाई थप चलायमान बनाउनेदेखि पार्टी भित्रका कार्यकर्ताहरुको आन्तरिक व्यवस्थापनलाई जोड दिई सबै कार्यकर्ताहरु बीच सुमधुर सम्बन्धको विकास गर्न जोड दिँदै उनले पार्टी सभापति हिमालदत्त श्रेष्ठलाई भेटेर सुझावसहितको पत्र पेश गरेका हुन् ।

पार्टीका नयाँ पुराना, हाल पार्टीमा प्रत्यक्ष भूमिका नभएका/नपाएकाहरु साथीहरुबाट आएका विषयवस्तुहरुलाई नेता बस्यालले पार्टीलाई सुझावका रुपमा पेश गरेका छन् । पार्टीका साथीहरुबाट आएका विषयहरुलाई पार्टी संगठनको निमित्त उपयुक्त हुने ठानेर जिल्ला सभापति समक्ष रचनात्मक सुझाव पेश गरेको उनले बताए ।

पार्टीको १४ औ अधिवेशन, स्थानीय, प्रदेश र संघीय निर्वाचन पछिको पार्टी संगठन, कार्यकर्ता परिचालन, पार्टीको स्थानीय र प्रदेश सरकारहरुबिचको समन्वय र सहकार्य लगायतका गतिविधिहरुमा ठिक तरीकाले परिचालित तथा समन्वय ल्याई संगठनलाई मजबुत बनाउन र आगामी निर्वाचनमा पाल्पामा काँग्रेसलाई विपक्षीहरु भन्दा बलियो बनाउन, पार्टी भित्र आन्तरिक लोकतन्त्र मजवुत बनाइ राख्न सबै एकजुट भएर संगठन विस्तारमा लाग्न पार्टीलाई नेता बस्यालले जोड दिएका छन् । उनले नेपाली काँग्रेसको वर्तमान विधान अनुसार क्रियाशील सदस्यताको अनुपातमा क्षेत्रिय प्रतिनिधि चयन गर्ने प्रणालीलाई समयानुकूल बनाउन केन्द्रमा पहल गर्नुपर्ने, धेरै क्रियाशील भएका वडाहरुमा न्युनतम ३० जनालाई आधार मानि त्यसपछि प्रत्येक १०:१ को अनुपातमा क्षेत्रिय प्रतिनिधि चयन हुने व्यवस्थाका लागि पहल गर्नुपर्ने, क्रियाशील सदस्य वितरण पारदर्शी र प्रभावकारी बनाउनु पर्ने र विधान अनुसार वार्षिक नवीकरणको प्रावधान सक्रिय तथा कार्यान्वयन गर्नुपर्ने, पार्टीका तर्फबाट गरिने पार्टी भित्रका विभिन्न तह र तप्काका पदहरु, भातृ तथा शुभेच्छुक संघसंस्थाहरुका पदहरुमा सबै पक्षलाई समेटिने गरी गठन गरिने व्यवस्था मिलाउनु पर्ने, पार्टी भित्रका तल्लोदेखि माथिल्लो तह सम्मका समितिहरुको नियमित बैठक तथा छलफल गर्न जिल्लाले निर्देशन तथा पहल गर्नुपर्ने सुझाव पार्टीलाई दिएका छन् ।

यस्तै उनले पार्टीको शिफारिसमा नियुक्ति गरिने विभिन्न राजनीतिक नियुक्तिमा सबैको सरसल्लाहमा सबै पक्षलाई समेटिने गरी पारदर्शी हिसावले गरिनुपर्ने, जिल्ला कार्य समितिमा रहेको सचिवालय, कार्यालयलाई अझ बढी चुस्त दुरुस्त, सूचनामुलक र सेवाग्राहीमुखी बनाउनुपर्ने, पार्टीका विभिन्न समितिहरुमा रहेका पदाधिकारी र सदस्यहरुलाई आ-आफ्नो जिम्मेवारीप्रति सजग बनाउनु पर्ने, पार्टी भित्र कार्यकर्ताहरुको आन्तरिक व्यवस्थापनलाई जोड दिई सबै कार्यकर्ताहरु बीच सुमधुर सम्बन्धको विकासमा पहल गर्नुपर्ने लगायतका सुझाव पत्रमा उल्लेख गरेका छन् । उक्त सुझाव पत्र नेपाली काँग्रेस लुम्बिनी प्रदेश र केन्द्रीय समितिलाई समेत बोधार्थ पठाइएको छ । सुझाव पत्र ग्रहण गर्दै जिल्ला सभापति हिमालदत्त श्रेष्ठले पार्टीका साथीहरुबाट आएका रचनात्मक सुझावलाई पार्टीले आत्मसाथ गर्दै अगाडि बढ्ने बताए । उनले पार्टी संगठनलाई चुस्त, बलियो र सशक्त बनाएर लैजाने दिशामा आफुहरु अगाडि बढेको भन्दै प्राप्त सुझावले थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## पाल्पामा थपिए...

...जसमध्ये किराना र खाद्यान्नसम्बन्धी २७, हार्डवयर आठ, फेन्सी तथा कपडा १४, कस्मेटिक तथा जुत्ता १०, मदिरा तथा सुर्तिजन्य चार, भाँडाकुँडा तथा एलपि ग्याससम्बन्धी दुई, कृषिसम्बन्धी दुई, सुनचाँदी चार, फर्निचर र फर्निसिङ्ग दुई, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स छ र अन्य १२ रहेका छन् ।

दर्ता भएका यी वाणिज्य फार्ममा १८ करोड १२ लाख बराबरको कुल पुँजी लगानी रहेको छ भने २१ लाख ३६ हजार सात सय कुल राजश्व प्राप्त भएको छ । गत आर्थिक वर्षमा छ सय ८९ वटा वाणिज्य फार्म नविकरण, एक सय ८६ लगतकट्टा, एक सय ५० पुँजी वृद्धि, ५१ वटा प्रतिलिपि, उद्देश्य थप र परिवर्तन २६, नामसारी र ठाउँसारी १० वटा रहेका छन् । गत आर्थिक वर्ष सम्ममा दर्ता भइ सञ्चालनमा रहेका फार्मको संख्या चार हजार तीन सय ३३ रहेका छन् । उद्योगतर्फ तीन हजार आठ सय १७ गरी कुल आठ हजार एक सय ५० फार्म रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आव २०७९/८० मा एक सय ४३ उद्योग खारेज भएका थिए । उद्योगतर्फ एक सय ४३ र वाणिज्यतर्फ एक सय ९४ फर्म खारेज भएका हुन् । आव २०७८/०७९ मा एक सय ८८ उद्योग र दुई सय ३९ फार्म खारेजी भएका थिए ।

जिल्लामा उद्योग व्यवसायदर्ता गर्ने भन्दा खारेजी गर्नेको संख्या बढ्दै गएको छ । पाँच लाखसम्मको लगानीका उद्योग तथा व्यवसाय दर्ताको अधिकार स्थानीय तहलाई भएकाले व्यवसायीले घरेलु तथा साना उद्योग कार्यालयमा बन्द गरेर स्थानीय तहमा दर्ता गर्ने गरेका छन् । कृषि तथा पशुपालनमूलक, पर्यटन उद्योग बढी मात्रामा खारेजी भएका छन् । आर्थिक मन्दीलगायत कारणले उद्योग व्यवसाय खारेजी भएका हुन् । घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग दर्ता गर्दा साधारण नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ भने दलित, महिला र अपाङ्गता भएकालाई ७५ प्रतिशत छुट सुविधा उपलब्ध छ । प्रदेश सरकारले जारी गरेको कानुन बमोजिम पाँच लाख भन्दा कम पुँजीलगानी भएका उद्योग तथा वाणिज्य फार्म स्थानीय तहबाट नियमन गर्ने व्यवस्था भएकाले यस कार्यालयमा दर्ता भई सञ्चालनमा आएका उद्योग, व्यवसाय लगत कट्टा गरिन थालिएको हो । कार्यालयले सम्बन्धित उद्योगी, व्यवसायीलाई दोहोरो करको मारमा नपरुन् भनी जानकारी गराउँदै आएको छ । घरेलु कार्यालयसँग लघु, घरेलु तथा साना उद्योग मात्र दर्ता गर्न पाउने अधिकार छ । दश करोडसम्म पूँजी भएका उद्योगलाई साना उद्योग, दश करोडदेखि २५ करोडसम्म पूँजी भएका उद्योगलाई मझौला र २५ करोडदेखि माथिकालाई ठूला उद्योगका रुपमा वर्गीकरण गरिएको छ । दश करोड माथिका पुँजी भएमा उद्योग विभागमा पुगेर दर्ता गर्नुपर्ने प्रावधान छ । *-रासस*

खेलकुद समाचार

## यु-१९ क्रिकेट विश्वकप छनोट गर्दै नेपाल



**काठमाडौं,** १ भदौ/नेपालले यू-१९ क्रिकेट विश्वकप एसिया छनोट आयोजना गर्ने भएको छ ।

अर्को वर्षको अप्रिलमा हुने छनोट प्रतियोगिताको आयोजना नेपालले गर्ने टुंगो लागेको क्यानका सचिव पारस खड्काले जानकारी दिए । क्यानका अनुसार छनोटका खेलहरू सन् २०२५ अप्रिल १२ देखि २१ सम्म हुनेछन् । यो प्रतियोगिताको विजेता सन् २०२६ मा जिम्बाब्वे र नामिबियामा हुने यु-१९ विश्वकप क्रिकेटका लागि छानिने छ । छनोटमा नेपालसहित अफगानिस्तान, हङकङ, ओमान र यूएई सहभागी हुनेछन् । यसअघि नेपाल यूएईलाई फाइनलमा पराजित गर्दै विश्वकपमा छनोट भएको थियो ।

अर्थ/कर्पोरेट समाचार

## बैंकहरुले भदौमा पनि घटाए ब्याजदर




**पाल्पा,** भदौ १/वाणिज्य बैंकहरुले भदौ महिनाका लागि पनि ब्याजदर घटाएका छन् । भदौ १ गतेदेखि लागू हुने गरी बैंकहरुले निक्षेपको ब्याजदर थप घटाएका हुन् ।

भदौ महिनामा बैंकहरुको व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर औषतमा ६ दशमलव ४९ प्रतिशतविन्दु रहेको छ । यो साउन महिनाको तुलनामा शून्य दशमलव २३ प्रतिशतविन्दु कम हो । २० वाणिज्य बैंकहरुले सार्वजनिक गरेको ब्याजदर सूचनाअनुसार एउटा बैंक प्राइम कमर्सियलले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर बढाएको छ भने ७ बैंकले स्थिर राखेका छन् । स्टान्डर्ड चार्टर्ड, नबिल, ग्लोबल आईएमई, लक्ष्मी सनराइज, सिटिजन्स, माछापुच्छ्रे र कुमारीले ब्याजदर स्थिर राखेका छन् । १२ बैंकले ब्याजदर घटाएका छन् । जसले गर्दा औसत ब्याजदर पनि घटेको छ । साउन महिनामा व्यक्तिगत मुद्दतीमा २० वाणिज्य बैंकहरुको अधिकतम औसत ब्याजदर ६ दशमलव ७३ प्रतिशत रहेको थियो । साउनको तुलनामा भदौमा ब्याजदर घटाउने बैंकमा कृषि विकास, राष्ट्रिय वाणिज्य, एसबीआई, नेपाल, सानिमा, नेपाल इन्भेस्टमेन्ट मेगा, सिद्धार्थ, प्रभु, एनएमबी, एनआईसी एसिया, हिमालयन र एभरेस्ट छन् । लामो अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा केही उच्च ब्याजदर र छोटा अवधिको मुद्दती निक्षेपमा ब्याजदर केही कम गर्ने नीति बैंकहरूको देखिन्छ । निक्षेपको ब्याजदर घट्दा आधार दर घटेर कर्जाको ब्याजदरमा ऋणीलाई राहत हुनेछ ।

भदौमा व्यक्तिगत मुद्दती निक्षेपमा सबैभन्दा धेरै ब्याजदर जम्मा ७.४१ प्रतिशत कायम भएको छ । जुन एनएमबी र एनआईसी एसिया बैंकको छ । राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो सीमा र बचतको न्यूनतम ब्याजदरबीच अन्तर बढीमा ५ प्रतिशतभन्दा हुन नहुने व्यवस्था गरेको छ । संस्थागत मुद्दती निक्षेपमा व्यक्तिगत मुद्दती निक्षेपभन्दा कम्तीमा १ प्रतिशत बिन्दुले ब्याजदर कम गर्नुपर्छ ।

हार्दिक बधाई तथा शुभकामना





यस संस्थाका शुभेच्छुक, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांसद माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

दिपक भुसाल, सचिव
एवं
हेमानन्द शर्मा, अध्यक्ष

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी संघ
लुम्बिनी प्रदेश परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई